# स्थानीय राजपत्र

## सुन्दरहरैँचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ७** | **सङ्ख्या : ४** | **मिति : २०८० माघ ७**

**नगर सभाबाट पारित मिति : २०८० माघ ५**

**प्रमाणीकरण मिति : २०८० माघ ५**


## भाग-१

# सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा अध्ययन, अनुसन्धान, संवर्धन र विकास गरी सुन्दरहरैँचा नगर क्षेत्रको सामाजिक र सांस्कृतिक रूपान्तरणलाई सहयोग पुऱ्याउन सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड फ. को उपखण्ड (५) मा भएको व्यवस्थाअनुसार सोही ऐनको दफा १०२ को उपदफा (१) बमोजिम सुन्दरहरैँचा नगरपालिकाको १३ औँ नगर सभाले यो ऐन पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

**प्रस्तावना :** भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा अध्ययन, अनुसन्धान, संवर्धन र विकास गरी सुन्दरहरैँचा नगर क्षेत्रको सामाजिक र सांस्कृतिक रूपान्तरणलाई सहयोग पुर्‍याउन सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड फ. को उपखण्ड (५) मा भएको व्यवस्थाअनुसार सोही ऐनको दफा १०२ को उपदफा (१) बमोजिम सुन्दरहरैँचा नगरपालिकाको १३ औँ नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान ऐन, २०८०" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिका सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ग) "उपप्रमुख" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(घ) "सुन्दरहरैँचा प्रज्ञा समिति" भन्नाले यस ऐन बमोजिम स्थापना भएको सुन्दरहरैँचा प्रज्ञा समितिलाई सम्झनुपर्छ।

(ङ) "अध्यक्ष" भन्नाले दफा ११ को उपदफा (२) बमोजिम चयन भएको सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान समितिको अध्यक्षलाई सम्झनुपर्छ।

(च) "उपाध्यक्ष" भन्नाले दफा ११ को उपदफा (२) बमोजिम चयन भएको सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान समितिको उपाध्यक्षलाई सम्झनुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "सचिव" भन्नाले दफा ११ को उपदफा (२) अनुसार मनोनयन भएको सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान समितिको सचिव सम्झनुपर्छ।

(झ) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ।

(ञ) "सदस्य" भन्नाले सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान समितिको सदस्यलाई सम्झनुपर्छ।

(ट) "प्राज्ञ सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभालाई सम्झनुपर्छ।

(ठ) "प्राज्ञ" भन्नाले भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा अध्ययन, अनुसन्धान, संवर्धन र विकासका लागि क्रियाशील सुन्दरहरैँचा नगरवासी प्राज्ञ सभाको सदस्यलाई सम्झनुपर्दछ।

## परिच्छेद-२
## प्रज्ञा प्रतिष्ठानको साङ्गठनिक स्वरूप र संरचना

**३. साङ्गठनिक स्वरूप :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको साङ्गठनिक स्वरूप देहाय बमोजिमको हुनेछ।

देहाय :

क. प्रज्ञा प्रतिष्ठान तदर्थ समिति

ख. प्राज्ञ सभा

ग. प्रज्ञा प्रतिष्ठान समिति

घ. विधागत समिति

ङ. अन्य तोकिए बमोजिम।

**४. साङ्गठनिक संरचना :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको साङ्गठनिक संरचना तोकिए बमोजिमको हुनेछ।

## परिच्छेद-३

## प्रज्ञा प्रतिष्ठानको तदर्थ समिति

**५. प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको गठन :** (१) सुन्दरहरैँचा नगरपालिकाको नगर प्रमुखले तोकेको सुन्दरहरैँचा नगर क्षेत्रमा स्थायी बसोबास गर्ने भाषा, साहित्य, कला, संस्कृति, दर्शनको क्षेत्रमा विशेष योगदान पुऱ्याएको व्यक्तिको अध्यक्षतामा यस ऐन कार्यान्वयन भए पश्चात् पहिलो पटक तदर्थ समिति गठनका लागि नगरपालिका क्षेत्रभित्रका सबै भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको संरक्षण, संवर्धन र विकासका लागि क्रियाशील सुन्दरहरैँचा नगर क्षेत्रभित्रका साधक, सर्जक तथा अनुसन्धानकर्ताहरूको भेला बोलाई समावेशी सिद्धान्तका आधारमा एघार सदस्यीय प्रज्ञा प्रतिष्ठान तदर्थ समिति गठन गरिनेछ।

(२) तदर्थ समितिका सदस्यहरू सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको संस्थापक सदस्य हुनेछन्।

**६. प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको काम र कर्तव्य :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :

क. प्राज्ञ सभा सदस्यका लागि सार्वजनिक रूपमा आह्वान गर्ने,

ख. विधागत प्राज्ञ सभा सदस्यहरूको खोजी गर्ने,

ग. सार्वजनिक रूपमा आह्वान एवं खोजी गरी प्राप्त व्यक्तिहरूलाई प्रचलित कानून बमोजिम सदस्यता वितरण गर्ने,

घ. सदस्यता वितरण गर्दा सांस्कृतिक एवं विविधता कायम हुने गरी आवश्यक प्रबन्ध गर्ने,

ङ. तदर्थ समिति गठन भएको मितिले ६ महिनाभित्र प्राज्ञ सभा सम्पन्न गर्ने।

## परिच्छेद-४

## प्राज्ञ सभा सम्बन्धी व्यवस्था

**७. प्राज्ञ सभाको गठन :** (१) प्रथम सुन्दरहरैँचा प्राज्ञ सभाको गठन प्रज्ञा प्रतिष्ठान तदर्थ समितिले गर्नेछ।

(२) प्रज्ञा प्रतिष्ठान तदर्थ समितिका पदाधिकारीहरू स्वतः प्राज्ञ सभाको सदस्य हुनेछन्।

(३) दफा ६ को उपदफा (१) को खण्ड (ग) बमोजिम निर्णय भई वितरण गरेको सदस्य समेत प्राज्ञ समितिको सदस्य हुनेछन्।

(४) प्रज्ञा प्रतिष्ठान तदर्थ समितिको अध्यक्षले प्रथम सुन्दरहरैँचा प्राज्ञ सभाको अध्यक्षता गर्नेछ।

(५) प्राज्ञ सभाले सदस्यहरू मध्येबाट सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान गठन गर्नेछ।

(६) नियमित प्राज्ञ सभाको अध्यक्षता प्रज्ञा प्रतिष्ठानको अध्यक्षले गर्नेछ।

(७) प्राज्ञ सभा ३१ सदस्यीय हुनेछ।

**८. प्राज्ञ सभाको बैठक :** (१) सामान्यतः प्राज्ञ सभाको बैठक वर्षको दुई पटक हुनेछ।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षले उपयुक्त कारण खुलाई विशेष प्राज्ञ सभा बोलाउन सक्नेछ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि एक तिहाई सभा सदस्यले लिखित रूपमा प्राज्ञ सभा डाक्न अध्यक्ष समक्ष आवेदन गरेमा अध्यक्षले आवेदन प्राप्त गरेको मितिले एक महिनाभित्र विशेष प्राज्ञ सभा डाक्नु पर्नेछ।

(४) प्राज्ञ सभाको अध्यक्षता प्रज्ञा प्रतिष्ठान समितिको अध्यक्षले गर्नेछ।

(५) प्राज्ञ सभाको गणपूरक सङ्ख्या तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत हुनेछ।

(६) प्राज्ञ सभा बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(७) प्राज्ञ सभाको बैठक व्यवस्थापन सम्बन्धी अन्य प्रबन्ध प्रचलित कानून बमोजिम प्रतिष्ठान आफैँले व्यवस्थापन गर्न सक्नेछ।

**९. प्राज्ञ सदस्यको योग्यता :** (१) सुन्दरहरैँचा प्राज्ञ सभाको प्राज्ञ सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ।

(क) सुन्दरहरैँचाको स्थायी नागरिक भएको हुनुपर्ने,

(ख) भाषा, कला, साहित्य, ललितकला, सङ्गीत तथा नाट्य, चलचित्र, दर्शन तथा समाजशास्त्र लगायतका क्षेत्रमा अध्ययन पहिचान भएका प्रतिभावान तथा अनुसन्धान गरेको हुनुपर्ने,

(ग) विभिन्न जाति तथा समुदायका लोक कला, साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको संवर्धन, संरक्षण र विकासमा योगदान गरेको,

(घ) अन्य तोकिए बमोजिम।

**१०. सुन्दरहरैँचा प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) सुन्दरहरैँचा नगर क्षेत्रभित्रको भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन, अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गरी प्रकाशित गराउने,

(ग) सामाजिक, सांस्कृतिक एवं मौलिक संस्कृति, परम्परागत ज्ञान, सीप एवं सिर्जनाको विकास तथा प्रवर्धन गरी सो को जगेर्नाका लागि कार्य गराउने,

(घ) सुन्दरहरैँचा क्षेत्रभित्र बोलिने भाषालाई समृद्ध र वैभवशाली बनाउन आवश्यक कार्य गर्ने,

(ङ) सुन्दरहरैँचा क्षेत्रभित्रका भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन तथा अनुसन्धानका लागि विद्वत् वृत्तिको व्यवस्था गर्ने,

(च) सुन्दरहरैँचा क्षेत्रको भाषा, साहित्य, कलालाई प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउन कार्य गर्ने,

(छ) सुन्दरहरैँचा क्षेत्रको विभिन्न जातजातिको लोपोन्मुख भाषा, कला, संस्कृति, सीपको अनुसन्धान, संरक्षण र विकास गर्ने,

(ज) वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(झ) प्रज्ञा प्रतिष्ठानलाई आवश्यक निर्देशन तथा मार्गदर्शन दिने,

(ञ) प्रज्ञा प्रतिष्ठानको कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ट) यस ऐनको सापेक्षतामा कार्यविधि तथा नियम बनाई स्वीकृतिका लागि सुन्दरहरैँचा नगर कार्यपालिकामा पेश गर्न लगाउने।

(ठ) ऐनको उद्देश्य प्राप्त गर्नका लागि अन्य आवश्यक कार्यहरू गर्ने।

**परिच्छेद-५**

**नगर प्रज्ञा समिति सम्बन्धी व्यवस्था**

**११. सुन्दरहरैँचा नगर प्रज्ञा प्रतिष्ठान समिति गठन :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान पन्ध्र सदस्यीय हुनेछ।

(२) प्रज्ञा प्रतिष्ठानमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | २ जना (१ जना महिला अनिवार्य र १ जना खुला) |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | १० जना (भाषा साहित्य, ललित कला, सङ्गीत तथा नाट्य र दर्शन तथा समाजशास्त्र र खुला) |

(३) ३३ प्रतिशत महिला सहित समावेशी सिद्धान्तको आधारमा उपदफा (२) बमोजिमको समिति गठन हुनेछ।

(४) उपदफा (३) बमोजिम गठित समितिको कार्यकाल चार वर्षको हुनेछ।

(५) प्राज्ञ सभा सदस्यहरूको निर्वाचन मण्डलद्वारा सम्भव भएसम्म सर्वसम्मत रूपमा र सम्भव नभए निर्वाचन प्रणालीद्वारा उपदफा (२) बमोजिमको प्रज्ञा प्रतिष्ठान समिति गठन हुनेछ।

(६) निर्वाचन सम्बन्धी अन्य प्रबन्ध प्राज्ञ सभाले तोके बमोजिम हुनेछ।

**१२. सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान समितिको काम, कर्तव्य र अधिकार :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तयार गर्ने,

(ख) सुन्दरहरैँचा नगर क्षेत्रभित्रको भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन, अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गरी प्रकाशित गर्ने, गराउने,

(ग) सामाजिक, सांस्कृतिक एवं मौलिक संस्कृति, परम्परागत ज्ञान, सीप एवं सिर्जनाको विकास तथा प्रवर्धन गरी सो को जगेर्नाका लागि कार्य गर्ने,

(घ) अनुवाद एवं प्रकाशन सम्बन्धी कार्य गर्ने,

(ङ) स्थानीय, प्रादेशिक एवं राष्ट्रिय गोष्ठी, सम्मलेन र प्रदर्शनी गर्ने, गराउने,

(च) स्थानीय, प्रादेशिक एवं राष्ट्रिय गोष्ठीमा सहभागिता गर्ने, गराउने,

(छ) समान प्रकृतिका अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध स्थापित गर्ने,

(ज) विधागत क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई कदर, सम्मान र पुरस्कृत गर्ने,

(झ) विधागत क्षेत्रमा योगदान गर्ने क्रियाशील प्रतिभाको पहिचान र विकासका लागि कार्य गर्ने, गराउने,

(ञ) विभिन्न जाति तथा समुदायका कला, साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको संवर्धन, संरक्षण र विकास गर्ने,

(ट) सुन्दरहरैँचा क्षेत्रभित्र बोलिने भाषालाई समृद्ध र वैभवशाली बनाउन आवश्यक कार्य गर्ने,

(ठ) सुन्दरहरैँचा क्षेत्रभित्रका भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको अध्ययन तथा अनुसन्धानका लागि विद्वत् वृत्तिको व्यवस्था गर्ने,

(ड) सुन्दरहरैँचा क्षेत्रको भाषा, साहित्य, कलालाई प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान दिलाउन कार्य गर्ने,

(ढ) सुन्दरहरैँचा क्षेत्रको विभिन्न जातजातिको लोपोन्मुख भाषा, कला, संस्कृति, सीपको अनुसन्धान, संरक्षण र विकास गर्ने

(ण) सुन्दरहरैँचा प्राज्ञ सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(त) सुन्दरहरैँचा प्राज्ञ सभाको निर्देशन पालना गर्ने,

(थ) लेखापरीक्षण गर्ने, गराउने,

(द) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने,

(ध) प्रगति समीक्षा गर्ने,

(न) चलअचल सम्पत्तिको सुरक्षा गर्ने,

(प) प्रज्ञा प्रतिष्ठान कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(फ) आर्थिक तथा अन्य सहयोग प्राप्तिका लागि पहल गर्ने,

(ब) विद्वत् वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने,

(भ) विधागत समितिहरू निर्माण गर्ने र कामको जिम्मेवारी दिने,

(म) आवश्यकता बमोजिम अन्य समिति तथा उपसमिति गठन गरी काम र कर्तव्य तोक्ने,

(य) भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको विकासका लागि स्वीकृत कार्ययोजना बमोजिम काम गर्ने, गराउने,

(र) प्रज्ञा प्रतिष्ठानको व्यवस्थापन तथा कार्य सहजीकरणका लागि नियम, कार्यविधि तथा मापदण्ड तयार गरी प्राज्ञ सभामा पेश गरी नगर कार्यपालिकामा पेश गर्ने।

(ल) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(२) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान आफ्नो छुट्टै प्रतीक चिह्न (लोगो) भएको एक उत्तराधिकारयुक्त स्वशासित र सङ्गठित संस्था हुनेछ।

(३) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको प्रतीक चिह्न सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको बैठकले सिफारिस गरी नगर कार्यपालिकाको बैठकमा स्वीकृतिका लागि पेश गर्नेछ।

**१३. प्रज्ञा प्रतिष्ठानको बैठक :** (१) प्रज्ञा प्रतिष्ठानको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल गरिने विषय समेत उल्लेख गरी अध्यक्षको निर्देशनमा सचिवले पत्राचार वा प्रविधिको प्रयोग गरी बैठक बोलाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको बैठक बस्ने सूचना कम्तीमा २४ घण्टा अगावै प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरू तथा सदस्यहरूलाई जानकारी दिनुपर्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा खुल्ला उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(५) प्रज्ञा प्रतिष्ठानको गणपूरक सङ्ख्या तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत हुनेछ ।

(६) प्रज्ञा प्रतिष्ठानको बैठकमा बहुमतको राय मान्य हुने र मत बराबर भएको खण्डमा मात्र अध्यक्षले निर्णायक मत प्रदान गर्नेछ ।

(७) प्रज्ञा प्रतिष्ठानको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(८) प्रज्ञा प्रतिष्ठानको बैठक व्यवस्थापन सम्बन्धी अन्य प्रबन्ध प्रचलित कानून बमोजिम प्रतिष्ठान आफैँले व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद-६

## कोष तथा लेखापरीक्षण

**१४. कोषको व्यवस्थापन :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान कोषको व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी सङ्घसंस्था तथा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सङ्घसंस्था तथा व्यक्तिबाट प्राप्त रकम,

(ङ) ब्याजबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) प्रज्ञा प्रतिष्ठानको बैंक खाता सञ्चालन अध्यक्ष, सचिव र कोषाध्यक्षबाट हुनेछ । अध्यक्ष अनिवार्य हुने गरी सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जनाको दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(४) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-७

## प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**१५. प्रज्ञा प्रतिष्ठानको अध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) प्राज्ञ सभा तथा प्रज्ञा प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने,

(ख) प्राज्ञ सभा र प्रज्ञा प्रतिष्ठानले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, प्रतिवेदन र बजेट बनाउने, बनाउन लगाउने,

(घ) प्रतिष्ठानको काम, कार्यवाही तथा कर्मचारी प्रशासनको नियन्त्रण गर्ने,

(ङ) विभिन्न पालिकाहरू र सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने,

(च) प्रदेश सरकार तथा सङ्घीय सरकारसँग आवश्यक सम्पर्क र समन्वय गर्ने,

(छ) प्रज्ञा सभाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(ज) आफ्नो अनुपस्थितिमा खुला उपाध्यक्षलाई कार्यबाहक तोक्ने ।

१६. **प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने, (खुला उपाध्यक्षबाट)

(ख) प्रतिष्ठानका निर्णयहरूको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ग) अध्यक्षको निर्देशनमा अन्य कार्यहरू गर्ने,

(घ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै कार्यहरू गर्ने । (खुला उपाध्यक्षबाट)

(ङ) विधागत क्षेत्रको प्रगति विवरण बैठकमा पेश गर्ने ।

१७. **प्रज्ञा प्रतिष्ठानको सचिवको काम, कर्तव्य र अधिकार :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) अध्यक्षको अनुमतिमा बैठक बोलाउने,

(ख) बैठकका निर्णयहरू अभिलेखीकरण तथा कार्यान्वयन गर्ने, गराउने

(ग) सदस्यहरूलाई संस्थाका निर्णयहरू जानकारी गराउने,

(घ) कार्यालय व्यवस्थापन गर्ने,

(ङ) अध्यक्ष तथा समितिबाट निर्देशित कार्यहरू गर्ने,

(च) प्रतिष्ठानका सम्पूर्ण अभिलेखहरू अद्यावधिक राख्ने ।

१८. **प्रज्ञा प्रतिष्ठानको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) कोषको हिसाबकिताब चुस्तदुरूस्त राख्ने वा राख्न लगाउने,

(ख) लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने, गर्न लगाउने,

(ग) वार्षिक बजेट तथा कार्यक्रम बनाउने,

(घ) अध्यक्ष तथा समितिबाट निर्देशित अन्य कार्यहरू गर्ने ।

१९. **प्रज्ञा प्रतिष्ठानको सदस्यको काम, कर्तव्य र अधिकार :** (१) सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) बैठकमा सक्रिय सहभागी भई उपयुक्त निर्णयमा पुग्न सघाउ पुऱ्याउने,

(ख) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने,

(ग) प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष र सचिवका कार्यहरूमा सहयोगी बन्ने,

(घ) आफूलाई जिम्मा दिइएका कार्यहरूलाई कुशलतापूर्वक पूरा गर्ने ।

## परिच्छेद-८
## विधागत समिति

**२०. विधागत समिति :** (१) भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको उन्नयन, विकास, संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार देहायका विधागत समिति प्रज्ञा प्रतिष्ठानले प्राज्ञ सभाका सदस्यहरू मध्येबाट गठन गर्न सक्नेछ ।

देहाय :

(क) भाषा, साहित्य प्रवर्धन समिति - बढीमा ५ सदस्यीय

(ख) ललित कला प्रवर्धन समिति - बढीमा ५ सदस्यीय

(ग) सङ्गीत तथा नाट्य प्रवर्धन समिति - बढीमा ५ सदस्यीय

(घ) दर्शन तथा समाजशास्त्र प्रवर्धन समिति - बढीमा ५ सदस्यीय

(२) उपर्युक्त अनुसारको समितिमा एक संयोजकका अतिरिक्त दुई महिला सहित चार सदस्यहरू हुनेछन् ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९
## पद रिक्त हुने सम्बन्धी व्यवस्था

**२१. पद रिक्त हुने अवस्था :** (१) देहायको अवस्थामा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूको पद रिक्त हुनेछ ।

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिई राजीनामा स्वीकृत भएमा,

(ग) शारीरिक वा मानसिक रूपमा कार्य गर्न सक्षम नभएको प्रमाणित भएमा,

(घ) नैतिक पतन वा फौजदारी अभियोगमा सजाय पाएमा,

(ङ) मृत्यु भएमा,

(च) दफा २२ अनुसार पदबाट हटेमा ।

**२२. पदबाट हटाउन सक्ने :** (१) देहायको अवस्थामा प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूलाई पदबाट हटाउन सकिनेछ ।

(क) पद अनुकूल आचरण नगरेको, यस ऐनको उल्लङ्घन गरेको, प्रतिष्ठानको हित विपरीत कार्य गरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण खुलाई प्रतिष्ठानमा तत्काल कायम रहेका कम्तीमा दुई तिहाई सदस्यहरूले हस्ताक्षर गरी अध्यक्ष समक्ष निवेदन दिएमा प्रतिष्ठानको बैठकको निर्णय अनुसार पद मुक्त गर्न सकिनेछ ।

तर पदमुक्त गर्ने निर्णय लिनुभन्दा पहिले सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाईको अवसर प्रदान गर्नु पर्नेछ ।

(ख) प्रज्ञा प्रतिष्ठान निष्क्रिय भई ६ महिनासम्म पनि बैठक बस्न नसकेमा वा अनावश्यक विवादमा फसेर आवश्यक निर्णय लिन असमर्थ भएमा एक चौथाई सदस्यहरूले प्राज्ञ सभाको बैठक आह्वान गर्न सक्नेछन्।

(ग) सुन्दरहरैँचा प्राज्ञ सभा सम्बन्धी कुनै विवाद भएमा सुन्दरहरैँचा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-१०

## विविध

२३. **मानार्थ सदस्यता सम्बन्धी व्यवस्था :** (१) भाषा, कला, साहित्य, संस्कृति, समाजशास्त्र र दर्शनशास्त्रको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका स्वदेशी वा विदेशी व्यक्तिहरूलाई प्रज्ञा प्रतिष्ठानको सिफारिसमा प्राज्ञ सभाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ। प्रतिष्ठानका मानार्थ सदस्यहरूलाई मतदानको अधिकार हुने छैन।

२४. **प्रगति प्रतिवेदन :** (१) प्रतिष्ठानले वर्षभरि गरेका समग्र रचनात्मक कार्यहरूको प्रगति प्रतिवेदन प्रत्येक वर्ष अध्यक्षले नगर प्रमुख मार्फत नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

२५. **अधिकार प्रत्यायोजन :** (१) अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) प्राज्ञ सभाले आवश्यकता भएमा आफ्ना केही वा कुनै अधिकार प्रज्ञा प्रतिष्ठानलाई प्रत्यायोजन गर्न सक्नेछ।

(ख) प्राज्ञ सभाले अध्यक्ष र सचिवलाई आवश्यकता अनुसार समितिको अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(ग) प्रतिष्ठानको कामको चाप हेरी अध्यक्षले सचिवलाई केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२६. **शपथ :** (१) आफ्नो कार्यभार सम्हाल्नुअघि प्रतिष्ठानका अध्यक्षले नगर प्रमुख समक्ष तथा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र प्रज्ञा प्रतिष्ठानका सदस्यहरूले अध्यक्ष समक्ष अनुसूची-१ बमोजिम तोकिएको ढाँचामा शपथ लिनुपर्नेछ।

२७. **कार्यविधि/नियम बनाउन सक्ने :** (१) सुन्दरहरैँचा नगरपालिकाले यस ऐनले राखेको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यविधि, नियमावली र मापदण्ड बनाई लागु गर्न सक्नेछ।

२८. **संशोधन र खारेजी :** (१) यो ऐन आवश्यकताअनुसार सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले संशोधन वा खारेज गर्न सक्नेछ।

२९. **प्रचलित कानून लागु हुने :** (१) प्रचलित कानूनमा व्यवस्था भएका विषयहरूका सम्बन्धमा सोही बमोजिम हुनेछ।

अनुसूची-१

(दफा २६ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म देश र जनताप्रति पूर्ण बफादार रही सत्य र निष्ठापूर्वक देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठानको …………… पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र कर्तव्यपालनको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू कुनै अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम :

पद :

हस्ताक्षर :

मिति :

**आज्ञाले,**
**अम्बिकाप्रसाद चौलागाईं**
**प्रमुख प्रशासकीय अधिकृत**

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र